।।श्री।।

# कैलाली जिल्ला अदालत

## धनगढी, कैलाली

श्रेस्तेदारः- ०९१-५२०७५४

### प्रशासन शाखा

पत्र संख्याः २०८१।८२

च.नं.

सूचना ! सूचना !! सूचना !!!

विषयः- वैतनिक कानून व्यवसायी पदको लागि दरखास्त आह्वान गरिएको सम्बन्धमा ।

(सूचना प्रकाशन मितिः- २०८२/०३/२६ गते)

यस अदालतमा आउने सेवाग्राहीमध्ये कानून व्यवसायी राख्न नसक्ने असहाय, अशक्त, नाबालक वा आर्थिक रुपले विपन्न वा थुनामा रहेका व्यक्तिहरुको तर्फबाट वहस पैरवी समेतका कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१ बमोजिम वैतनिक कानून व्यवसायी रहने व्यवस्था अनुसार मिति २०८२/०४/०१ बाट यस अदालतमा रिक्त हुने वैतनिक कानून व्यवसायी पदमा रहि काम गर्न ईच्छुक अधिवक्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस अदालतमा रितपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही नहुने बेहोरा समेत अनुरोध गरिन्छ।

१.पदः- वैतनिक कानून व्यवसायी ।

२.आवश्यक पद संख्याः- १ (एक)

३.प्रदान गर्नुपर्ने सेवाः- तोकिए अनुसार ।

४. पारिश्रमिकः- तोकिए अनुसार ।

५. पदावधिः- १(एक) बर्ष ।

६.दरखास्त दस्तुरः- रु.१०।-

७. <u>दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) कानून विषयमा स्नातक/स्नातकोत्तर गरेको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि।

(घ) सम्बन्धित विषमा कुनै तालिम प्राप्त गरेको भए सो को प्रमाणपत्रको प्रतिलिपी ।

८. दरखास्त दिने अन्तिम मितिः- २०८२/०४/०८ गते कार्यालय समयभित्र ।

९. सम्पर्क मितिः- २०८२/०४/०९ गते कार्यालय समयभित्र ।

१०.छनौटको किसिमः- अन्तर्वाता र तोकिएको अन्य आधारमा हुनेछ ।

११.अन्तर्वार्ता मितिः- सम्पर्क मितिको दिन तोकिने छ ।

१२.नियुक्त लिन आउनुपर्ने अवधीः- नियुक्तिका लागि छनौट भएका उम्मेदवारले छनौट भएको मितिले ७(सात) दिनभित्र नियुक्ति लिन आउनुपर्ने छ ।

नोटः- विस्तृत जानकारीका लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्नुहोला ।

२०८२।३।२६

चेतराज पन्त

श्रेस्तेदार (उपसचिव)

श्रेस्तेदार (उपसचिव) कैलाली जिल्ला अदालत